आ.व. २०७९।८० को बैठक संख्या - ४

आज मिति २०७९ साल भाद्र महिनाको २३ गते विहीवारका दिन विहान ८:०० बजे उदयपुरगढी गाँउपालिकाका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगरको अध्यक्षतामा बसेको कार्यपालीकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा निम्नानुसारको प्रस्तावहरु छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मान बहादुर केप्छाकी मगर | गाउपालिका अध्यक्ष | |
| २ | जित बहादुर खडका | गाउपालिका उपाध्यक्ष | |
| ३ | दिल बहादुर राना मगर | वडा अध्यक्ष | |
| ४ | ईन्द्र बहादुर राउत | वडा अध्यक्ष | |
| ५ | मनोज कुमार कार्की | वडा अध्यक्ष | |
| ६ | राम बहादुर घले मगर | वडा अध्यक्ष | |
| ७ | कुमार अधिकारी | वडा अध्यक्ष | |
| ८ | कृष्ण वहादुर खत्रि | वडा अध्यक्ष | |
| ९ | भुवन केप्छाकी मगर | वडा अध्यक्ष | |
| १० | थिर बहादुर राउत | वडा अध्यक्ष | |
| ११ | सहेक बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | सरिता कार्की | कार्यपालिका सदस्य | |
| १३ | डिल्लीमाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | मिना कुमारी तामाङ्ग | कार्यपालिका सदस्य | |
| १५ | यसोदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १६ | रमेश राई | प्र.प्र.अ. | |

**सहयोगी :**

१. पारसमणि फुयल

२. शेखर वुढाथोकी

**प्रस्तावहरु :** १. गत बैठकको समीक्षा सम्बन्धमा

१. भु उपयोग योजना सम्वन्धि अभिमुखीकरण सम्वन्धमा ।

२. उर्जा विकास उ.स. को पदाधिकारी थप सम्वन्धमा ।

३. कृषि उपजको निकासी ठेक्का रकम र आव्हान सम्वन्धमा ।

~~क) निकाशी कृषि उपज वन पैदावार~~

~~ख) ढुङ्गा गिटी वालुवा~~

~~ग) चुन ढुङ्गा~~

४. निजी विद्यालयको नाम फेरवदल सम्वन्धमा ।

५. विविध

CamScanner

क) कोभिड अस्पतालको मेडिकल अधिकृतको प्रोत्साहन सुविधा निरन्तरता सम्बन्धमा ।
ख) प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितीको निर्णय अनुमोदन सम्बन्धमा ।
ग) हालैको बाढी प्रकोपले सिर्जित क्षती सम्बन्धमा ।
घ) गाउँपालिका क्षेत्रका विद्यालयको खाता सञ्चालन सम्बन्धमा ।
ङ) विद्युत हेरालु राख्ने सम्बन्धमा ।
च) वडा नं. १ को टेलीफोन टावरमा विद्युत मिटर जडान सम्बन्धमा ।
छ) विद्युत मिटरको लागि कालो तार व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा अघिल्लो वैठक संख्या ३ को निर्णय अनुसारका कार्यहरु कार्यान्वयन भईरहेको व्यहोरा जानकारी भयो ।

२. प्रस्ताव नं २ माथी छलफल गर्दा भु उपयोग योजना सम्बन्धि परामर्शदाता RAMP Engineering प्रा.ली. द्वारा भु उपयोग योजना सम्बन्धि अभिमुखीकरण गरियो । जसमा मालपोत कार्यालय गाईघाट, नापी कार्यालय गाईघाट, मालपोत कार्यालय कटारी र नापी कार्यालय कटारीका प्रमुख तथा प्रतिनिधि विच छलफल तथा स्थानीय भु उपयोग योजना र कार्यदिशा सम्बन्धि सल्लाह र सुझाव प्रदान भयो ।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा उर्जा विकास उ.स.मिति २०७९ जेष्ठ २२ गते गठन गरिएकोमा समावेशी नभएको भन्ने जानकारी प्राप्त भएकोले सो समितिमा तपसिल अनुसारका पदाधिकारी थप गर्ने निर्णय गरियो ।

तपसिल :

संयोजक : श्री दिल वहादुर राना मगर
सदस्य: श्री विशाल श्रेष्ठ (उ.गा.पा. ६)
सदस्य : श्री ठमान विश्वकर्मा (उ.गा.पा. ३)
सदस्य : निर्मला विश्वकर्मा (उ.गा.पा. ५)
सदस्य : श्री सिताराम गिरी (उ.गा.पा. ६)
सदस्य : श्री सरिता कार्की (कार्यपालिका सदस्य)
सदस्य : श्री मिना कुमारी तामाङ्ग (कार्यपालिका सदस्य)
संरक्षक : गा.पा. उपाध्यक्ष श्री जीत वहादुर खडका
सल्लाहाकार :

गाँउपालिका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगर
पूर्वाधार विकास संयोजक श्री भुवन केप्छाकी मगर
प्र.प्र.अ. श्री रमेश राई

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा मिति २०७९ श्रावण १९ गतेको निर्णय नं ७ मा न्युनतम अंक रु. ५,००,०००।०० (अक्षरुपि रु. पाँच लाख मात्र) निर्धारण गरि सुचना प्रकाशन गरिएकोमा कुनै पनि प्रस्ताव प्राप्त नभएकोले यस गाउँपालिकाको तावाखोला करिडर, वैजानाथ खोला करिडर र कोल्टे वाउन्ना तरिगाना करिडर गरि फरक फरक २ क्षेत्र विभाजनगरि वा एकमुष्ठ समेत आवेदन गर्ने गरि तपसिलको अंक निर्धारण गरि पुनः सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल :

तावाखोला करिडरको लागि रु १,००,०००।०० (अक्षरुपि रु. एक लाख मात्र)
वैजानाथ र बलान खोला करिडरको लागि रु.२,५०,०००।०० (अक्षरुपि रु. दुई लाख पचास मात्र)

५ प्रस्ताव नं. ५ माथी छलफल गर्दा तपसिल अनुसारको निजी विद्यालयको नाम उदयपुरगढी गाउँपालिका शिक्षा शाखामा विद्यालयको नाम फेरवदल गर्नको लागि निवेदन प्राप्त भएकोले सोही निवेदन अनुसार विद्यालयको नाम तपसिल अनुसारको फेरवदल गर्न स्विकृत दिने निर्णय पारीत गरियो ।

तपसिल :

| क्र.सं. | विद्यालयको नाम संशोधन हुनुपुर्व | विद्यालयको अव कायम हुने नाम |
|---|---|---|
| १ | पंचावती ईङ्गलिस वोर्डिङ्ग स्कूल प्रा.ली., उदयपुरगढी ७ | मुन लाईट एकेडेमी उदयपुर, उदयपुरगढी ७ |

६. प्रस्ताव नं. ६ को विविध "क" मेडिकल अधिकृतको प्रोत्साहन सुविधा निरन्तरताको लागि खाईपाई आएको प्रोत्साहन सुविधा नै कायम गरि निरन्तरता दिने निर्णय पारीत गरियो ।

७. प्रस्ताव नं. ६ को विविध "ख" प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितीको मिति २०७९ भाद्र १३ गते वसेको वेरोजगारहरुको सुचिमा सुचिकरण गर्ने समेतको वैठकले गरेको निर्णयलाई अनुमोदन गरियो ।

८. प्रस्ताव नं. ६ को विविध "ग" को हालैको वाढीले उदयपुरगढी नेपालटार सडकमा पर्ने पौवा खोलामा रहेको काठे पुल वगाई भएको क्षतीलाई पुनः काठेपुल वनाउन स्टिमेट वमोजीमको रकम विपद व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो । साथै उदयपुरगढी गाउँपालिकाको वडा नं ७ मा रहेको वलान खोला पुरिएर गाउँमा पसि वाढीले क्षति गरेकोले जिल्ला विपद व्यवस्थापन समितिको वैठकमा उक्त ढुगा गिटि हटाउन पाउनको लागि अनुरोध गर्ने निर्णय गरियो । तथा नदि नियन्त्रणका लागि आवश्यक मात्रामा तारजाली उपलब्ध गराउने निर्णय गरियो ।

९. प्रस्ताव नं. ६ को विविध "घ" को गाउँपालिका क्षेत्रका सामुदायिक विद्यालयको खाता दोश्रो किस्तावाट सानिमा वैंकमा खोल्नको लागि पत्राचार गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. ६ विविध "ङ" को विद्युत मर्मतका लागि यस गाउँपालिकाको लागि २०७९ श्रावण महिनावाटै कार्य गरिरहेका २ (दुई) जना विद्युत हेरालुहरुलाई कार्तिक मसान्त सम्म डोरा हाजिरीमा राख्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ६ विविध "च" को उदयपुरगढी गाउँपालिकाको वडा नं. १ को टेलीफोन टावर सम्वन्धमा हाल सौर्य उर्जावाट सञ्चालन भई रहेको र विहान वेलुका सञ्चार सम्पर्कमा अवरोध भई रहेको हुनाले दुर संञ्चार कार्यालय गाईघाटलाई विद्युत प्राधिकरणसंग समन्वय गरि विद्युत मिटर जोडनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं ६ विविध "छ" को विद्युत मिटरका कालो तार व्यवस्थापनको लागि गाउँपालिकाको गाउँसभावाट अनुमोदन गर्ने गरि अल्या रकमबाट रु. ९,००,०००।०० (अक्षरुपि रु. नौ लाख मात्र) खर्च व्यहोर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं ६ विविध "ज" को राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७८।१२।२८ च.नं. १९१६ को प्राप्त पत्रानुसार स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण वैकिङ्ग समस्या समाधान तथा सहजिकरण समिति तपसिल अनुसारको गठन गर्ने निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| प्र.प्र.अ. श्री रमेश राई | संयोजक |
| सानिमा वैक शाखा प्रमुख | सदस्य |
| वडा अध्यक्ष श्री भुवन केप्छाकी मगर | सदस्य |
| कार्यपालिका सदस्य श्री यसोदा कुमारी राई | सदस्य |
| जिल्ला प्रशासन कार्यालय प्रतिनिधि | सदस्य |
| कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको प्रतिनिधि | सदस्य |
| कम्प्युटर अपरेटर श्री ओम प्रकाश सुवेदी | सदस्य सचिव |

CamScanner